# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

२०७७ माघ २१

## आयोगका नवनियुक्त पदाधिकारीहरूद्वारा पदभार ग्रहण

### मानव अधिकारको संरक्षण, सम्वर्द्धन र कार्यान्वयमा सक्रियतापूर्वक लागिरहने प्रतिबद्धता

राष्ट्रिय मानव अधिकार आयोगका नवनियुक्त अध्यक्ष श्री तप बहादुर मगर तथा सदस्यहरू डा. सूर्य ढुङ्गेल, श्री मिहिर ठाकुर, श्री मनोज दुवाडी र श्री लिली थापाले आज आयोगमा पदभार ग्रहण गर्नुभएको छ ।

यसअघि आयोगका अध्यक्षले सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीको समुपस्थितिमा सम्माननीय प्रधानन्यायधीश श्री चोलेन्द्रशमशेर राणा समक्ष तथा सदस्यहरूले आयोगका अध्यक्ष समक्ष राष्ट्रपति भवन शीतलनिवासमा एक समारोहबीच सपथ ग्रहण गर्नुभएको थियो । संवैधानिक परिषद्ले नेपालको संविधानको धारा २४८ को उपधारा (२) बमोजिम आयोगको अध्यक्ष तथा सदस्यमा उहाँहरुको नियुक्तिका लागि सिफारिस गरेको थियो ।

आयोगमा आयोजित पदभार ग्रहण कार्यक्रममा आयोगका अध्यक्ष तथा सदस्यहरुले मानव अधिकारको प्रभावकारी संरक्षण, सम्बर्द्धन तथा कार्यान्वयनको सुनिश्चितामा सक्रियतापूर्वक लागिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

आजै बसेको नवनियुक्त पदाधिकारीहरूको पहिलो वैठकले पदाधिकारीमा नियुक्तिका लागि सिफारिस गर्ने संवैधानिक परिषद् तथा नियुक्तिका लागि सम्माननीय राष्ट्रपतिज्यूलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरेको छ ।

............................

डा. टीकाराम पोखरेल

सहसचिव / प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org